मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: बी.एड. तेस्रो सेमेस्टर

विषय: नेपाली लोकसाहित्य (नेपा.शि. ४३४/३३५)

---

रोल नं. ................

समूह 'क' १० × १ = १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस् ।**

१. लोकसाहित्यलाई कसरी चिनाउन सकिन्छ ?
(क) नैतिक चेतनाको माध्यम
(ख) गतिशील विज्ञान
(ग) विचार प्रकटीकरणको माध्यम
(घ) आस्था विश्वास र व्यावहारको कलात्मक प्रस्तुति

२. लिखित साहित्यबाट लोकसाहित्यलाई भिन्न बनाउने विधा कुन हो ?
(क) निवन्ध (ख) उखान
(ग) टुक्का (घ) गाउँखाने कथा

३. वाह्रै महिनाको वर्णन गरिएको लोकगीतको प्रकार कुन हो ?
(क) वाह्रमासे (ख) वाह्रमासा
(ग) पर्वगीत (घ) श्रमगीत

४. कराँत कस्तो प्रकृतिको गीत हो ?
(क) नृत्य गर्दा गाइने गीत (ख) रोगब्याधको अन्त्यका लागि गाइने गीत
(ग) मृत्युशोकमा गाइने गीत (घ) डम्फू र खैजडीको तालमा गाइने गीत

५.लोकगाथाको ऐच्छिक तत्व कुन हो ?
(क) आख्यान (ख) नृत्य
(ग) गीतितत्व (घ) लोकतत्व

६. पौराणिक र ऐतिहासिक चरित्रको वर्णन गरिएको लोकगाथाको प्रकार कुन हो ?
(क) कर्खा (ख) चैत
(ग) चाँचरी (घ) सवाई

७. लोककथामा मुलत: कुन पक्ष प्रवल रहन्छ ?
(क) आधुनिक चिन्तन (ख) वैयक्तिक दृष्टिकोण
(ग) मानक भाषा (घ) मनोरञ्जन र आदर्श शिक्षा

८. लोककथामा प्रस्तुत गरिएका अप्सरा र महर्षिहरु कस्ता पात्र हुन् ?
(क) दैवी (ख) अर्धदैवी
(ग) मानव (घ) सरीसृप

९. पूर्ण आनुष्ठानिक विधिसहित मात्र प्रदर्शन गर्न सकिने लोकनाटक कुन हो?
(क) सोरठी (ख) घाटु
(ग) बालन (घ) लीला

१०. वौद्धिक समाजमा प्रचलित हाजिरी जवाफको स्वरुप लोकसाहित्यको कुन विधासँग सम्वन्धित छ ?
(क) उखानटुक्का (ख) लोकगीत
(ग) लोककथा (घ) गाउंखाने कथा

**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८०**

तह: बी.एड तेस्रो संमेस्टर पूर्णाङ्क: ६०

समय: ३ घण्टा उत्तीर्णांङ्क: ३०

**बिषय: नेपाली लोकसाहित्य (नेपा.शि. ४३४/३३५)**

*परीक्षार्थीहरूले सकेसम्म मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** ६×५= ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. लोकसाहित्यले समाजमा प्रचलित सामाजिक सांस्कृतिक मूल्यमान्यताको उजागर गर्दछ । पुष्टि गर्नुहोस् ।

२. संस्कार गीतका विविध प्रकारहरु उल्लेख गरी कुनै दुईको चर्चा गर्नुहोस् ।

३. लोकगीत र लोकगाथाका प्रकारमा पाइने समानता र भिन्नतालाई उल्लेख गर्नुहोस् ।

**अथवा**

लोककथाका प्रकारलाई संक्षेपमा चिनारी गराउनुहोस् ।

४. नेपाली लोकगाथाका विशेषताहरूबारे चर्चा गर्नुहोस् ।

५. लोकनाटकका अनिवार्य तत्वहरुको चिनारी गराउनुहोस् ।

६. सोरठी र घाटु कस्ता प्रकृतिका लोकनाटकका रुपमा चिनिन्छन् ? प्रष्ट पार्नुहोस् ।

**अथवा**

गाउँखाने कथाको परिचय दिई यसका विशेषता प्रस्तुत गर्नुहोस् ।

**समूह 'ग'** २ ×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

७. लोकगाथाको परिचय दिई यसका प्रकारलाई सविस्तार वर्णन गर्नुहोस् ।

८. लोकगीतको अध्ययनका आधारमा यसको वर्गीकरण के कसरी गरिएको छ ? विश्लेषण गर्नुहोस् ।

**अथवा**

उखान र टुक्काको परिचयात्मक चिनारी गराउँदै स्थानीय स्तरमा के कस्ता विषयवस्तुमा आधारित उखानटुक्काहरु प्रचलनमा रहेका पाइन्छन् ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

**समाप्त**